BIZMANDU.COM
SORRY ! WE MIND YOUR BUSINESS

# डब्लुटिओको नवौं मन्त्रीस्तरीय बैठकका लागि सार्कको साझा एजेण्डा तय

प्रकाशित मिति: 2013-08-01

काठमाडौं । विश्व व्यापार संगठन (डब्ल्युटिओ)को आगामी नवौं मन्त्रीस्तरीय बैंकका लागि एसियाली मुलुकहरुले तयार गरेको साझा एजेण्डा साउथ एसिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड एन्भायरोन्मेण्ट (सावती)ले विहीबार अर्थमन्त्री समेत रहेका वाणिज्य तथा आपुर्तिमन्त्री शंकरप्रसाद कोइरालालाई बुझाएको छ ।

डब्लुटिओको नवौं मन्त्रीस्तरीय सम्मेलन आगामी ३–६ डिसेम्बर २०१३ मा इण्डोनेसियाको बालीमा आयोजना हुनेछ । दोहा वार्ताको चरण एवं बहुपक्षीय व्यापार प्रणालीको भविष्य नै संकटमा परेको विश्लेषण गरिएको छ । नवौ मन्त्रीस्तरीय सम्मेलनबाट लाभ लिन दक्षिण एसियाली मुलुकहरुले आफ्ना प्राथमिकताका साझा मुद्दाहरु तय गरेका हुन ।

सावतीले कोलोम्बोस्थित इन्स्टिटच्युट अफ पोलिसी स्टडिज अफ श्रीलंकासँगको सहकार्यमा यही महिना श्रीलंकाको माराविलामा नवौं विश्व व्यापार संगठनको मन्त्रीस्तरीय सम्मेलनका लागि दक्षिण एसियाका प्राथमिकता विषयक क्षेत्रीयस्तरको छलफल कार्यक्रम आयोजना गरी साझा एजेन्डा तय गरेको हो । तय भएका साझा मुद्दाहरुको सूचीलाई सार्कका सदस्य मुलुकहरु एवं सार्क सचिवालयसमक्ष पेश गर्ने क्रममा वाणिज्य तथा आपूर्तिमन्त्री कोइरालालाई बुझाइको हो ।

सार्क मुलुकहरुलाई विकासशील एवं अल्पविकसित मुलुकका निर्यात सम्भावना भएका वस्तुहरु एवं सेवा क्षेत्र निर्यातका लागि प्रभावकारी बजार पहुँच तथा त्यस्ता मुलुकहरुको भौतिक पूर्वाधारको स्तरोन्नतिका लागि विकसित मुलुकहरुबाट प्राविधिक तथा वित्तीय सहयोगको ठोस प्रतिबद्धता माग गर्न आग्रह गरेको छ । बौद्धिक सम्पत्तिको अधिकारसम्बन्धी सम्झौतामा विकासशील मुलुकहरुलाई प्राप्त लचकताको प्रभावकारी उपयोग एवं प्रविधि हस्तान्तरणलाई उपलब्धिमुलक बनाउन प्रभावकारी अनुगमन विषेश  जोड दिएको छ ।